# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/१

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: <u>सेवा सम्बन्धी</u>

**तलका प्रत्येक प्रश्नको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. फौजदारी कसूरको अनुसन्धानका लागि शंकित व्यक्तिलाई हिरासतमा नराखी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा हाजिर जमानीमा छोडी वा तारिखमा राखी अनुसन्धान गर्न सकिने विकल्प मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले दिएको छ। त्यसरी धरौट, जमानत, हाजिर जमानी वा तारिखमा छोड्दाको प्रक्रियाका बारेमा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ ले स्पष्ट व्यवस्था गरेको छ। सर्वोच्च अदालतबाट बन्दीप्रत्यक्षीकरणका विभिन्न रिटमा हिरासतको सट्टा उक्त विकल्पहरू प्रयोग गर्न आदेश पनि भएका छन्। नेपाल सरकारबाट जारी भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० ले हिरासतको सट्टा उक्त विकल्पहरू प्रयोग गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रियाका बारेमा थप व्यवस्थासमेत गरेको छ। थुनालाई सम्भव भएसम्म अन्तिम विकल्पका रूपमा लिइनु पर्दछ भन्ने मान्यता रहेको सन्दर्भमा कानूनले गरेको यो व्यवस्था उचितरूपमा कार्यान्वयनमा आएको देखिँदैन। यो कानूनी व्यवस्था समुचितरूपमा कार्यान्वयनमा आउन नसक्नुमा के-कस्ता समस्या रहेको देख्नुहुन्छ? उक्त कानूनी व्यवस्थाको विधिशास्त्रीय पक्षको विश्लेषण सहित तिनको उचित कार्यान्वयन गर्न गराउन के-कस्ता प्रक्रिया अवलम्बन गर्नुपर्ने ठान्नुहुन्छ? सुझावहरू प्रस्तुत गर्नुहोस्। ५+४+६=१५

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुख्य काम भ्रष्टाचार निवारण ऐन, २०५९ र नेपालको संविधानको धारा २३९ को अधीनमा रही राष्ट्रसेवकबाट भएको भ्रष्टाचारजन्य कार्यको अनुसन्धान गर्ने गराउने हो। राष्ट्रसेवक वा सार्वजनिक पद धारण गरेको व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने देखिन्छ। यस्तो गम्भीर र महत्वपूर्ण जिम्मेवारी रहेको आयोगको आफ्नै पूर्णकालिन कर्मचारीहरू रहेका छैनन्। अन्यत्रबाट सरुवा भई आउने कर्मचारीहरूमा आयोगको कार्य अनुरूपको विशेषज्ञता रहेको पाइँदैन। बेलाबेलामा आयोगले गरे गराएको अनुसन्धान र दायर गरेका मुद्दाहरूमा त्रुटी र कमजोरी रहेको भनी अदालतबाट टिप्पणी पनि हुने गरेको पाइएको छ।

प्रस्तुत सन्दर्भमा आयोगबाट भए गरेका अनुसन्धानलाई त्रुटीरहित र वस्तुनिष्ठ बनाउन तथा दायर भएका मुद्दाहरूमा अपेक्षित सफलता प्राप्त गर्न के-कस्ता कानूनी र नीतिगत सुधार गर्नुपर्दछ? मौलिक सुझाव प्रस्तुत गर्नुहोस्। २०

३. कुनै अभियोग लागेको व्यक्तिलाई कसूर प्रमाणित नभएसम्म निर्दोष मानिने फौजदारी न्यायको सामान्य सिद्धान्त हो। यसलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले व्यक्तिको मानव अधिकारको संरक्षणको रूपमासमेत उद्घोष गरेको छ। नेपालको संविधानले यसलाई व्यक्तिको न्याय सम्बन्धी मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। मुलुकी अपराध संहिता, २०७४ ले यसलाई फौजदारी न्यायका सामान्य सिद्धान्तका रूपमा आत्मसात् गरेको छ। यती हुँदा-हुँदै पनि कसूरको शंकित व्यक्ति पक्राउ पर्नासाथ पक्राउ गर्ने निकायले पत्रकार सम्मेलन गरी त्यस्तो व्यक्ति सार्वजनिक गर्ने, अभियोजन गर्ने निकायले प्रेस विज्ञप्ति जारी गरेर निज उपर लगाएको अभियोग सार्वजनीकरण गर्ने तथा सञ्चार माध्यमले पनि त्यस्तो व्यक्ति कसूरदार ठहर भए सरह समाचार प्रकाशन प्रसारण गर्ने गरेको पाइन्छ। यस्ता क्रियाकलापबाट त्यस्ता व्यक्तिको "कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने" हकको उल्लङ्घन भएमा त्यसको क्षति के-कसरी परिपूरण गर्न सकिन्छ? मिडिया ट्रायल हुने वर्तमान परिपाटीलाई नियन्त्रण गर्न के-कस्ता कानूनी प्रबन्ध गर्नुपर्ने ठान्नुहुन्छ? साथै सो विषयमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्थाको रोहमा विवेचना गर्दै यो समस्याको निराकरणका लागि सरकारी वकीलले निर्वाह गर्न सक्ने भूमिकाका बारेमा तर्कपूर्ण प्रस्तुती गर्नुहोस्। ४+५+५+६=२०

४. नेपाल सरकार र तत्कालिन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताले सशस्त्र द्वन्द्वको समयमा भएका घट्नाको छानबिन गर्ने प्रतिबद्धता गरेको थियो। सोही बमोजिम नेपालको अन्तरिम संविधान, २०६३ ले पनि यो विषयलाई आयोगहरू गठन गरी टुङ्गोमा पुऱ्याउने प्रतिबद्धता गरेको थियो। विस्तृत शान्ति सम्झौतामा समावेश भएको संविधान सभाबाट नयाँ संविधान बनाउने र सेना समायोजन गर्ने समेतका कार्यहरू सम्पन्न भए तर सशस्त्र द्वन्द्वमा भएका मानव अधिकारको उल्लङ्घनका विषयमा छानबिन गरी पीडितलाई न्याय दिने, गम्भीर उल्लङ्घनकर्तालाई दण्डित गर्ने र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने संक्रमणकालीन न्याय (Transitional justice) को विषय टुङ्गोमा पुग्न सकेको छैन। यो विषयलाई व्यवस्थित गर्ने कानून बन्न नै लामो समय लाग्यो। बनेका कानूनले संक्रमणकालीन न्यायका स्वीकृत मानकलाई समेट्न नसकेको भनी सर्वोच्च अदालतले निर्देशन दिएको र कानूनमा पनि संशोधन भएकै छ। पटक-पटक आयोग गठन भएपनि संक्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउन सकिएको छैन। सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकारको उल्लङ्घनबाट पीडितहरूले हालसम्म पनि न्याय पाउन नसकेको अवस्था सार्वजनिक भइरहेको पाइन्छ।

यस सन्दर्भमा पटक-पटकको संवैधानिक, कानूनी एवम् नीतिगत प्रतिबद्धताका बाबजुद पनि संक्रमणकालीन न्याय प्रक्रिया टुङ्गोमा पुग्न नसक्नुका मूलभूत कारणहरू पहिचान गर्नुहोस्। यो समस्यालाई सम्बोधन गर्नका लागि के-कस्ता संस्थागत एवम् कानूनी व्यवस्था अवलम्बन गर्न उपयुक्त देख्नुहुन्छ? मौलिक सुझाव प्रस्तुत गर्नुहोस्। ८+४+८=२०

५. महान्यायाधिवक्ता नेपाल सरकारको कानूनी सल्लाहकार हुने, संवैधानिक एवम् कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुने, नेपाल सरकारको हकहित वा सरोकार निहित रहेका मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहत रहेका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने, संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकार वादी हुने मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई रहेको छ। यो बाहेक नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने समेतका काम, कर्तव्य र अधिकारहरूको व्यवस्था संविधानमा उल्लेख भएको पाइन्छ। संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालना गर्नेगरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्नसक्ने संवैधानिक व्यवस्था रहेको छ। सरकारवादी मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताले राय दिने बाहेकका अधिकारहरू आफ्नो मातहतमा रहेका सरकारी वकीलहरूलाई प्रत्यायोजन गर्ने कार्य हुँदै आएको छ। महान्यायाधिवक्ताको नियुक्ति राजनीतिक भएतापनि नियुक्ति पश्चात् संविधान एवम् प्रचलित कानून बमोजिम तटस्थ र निष्पक्ष रही स्वतन्त्र भई सक्षमतापूर्वक कार्यसम्पादन हुने अपेक्षा राखिएको हुन्छ। पछिल्ला दिनहरूमा महान्यायाधिवक्ता तथा निज मातहतका सरकारी वकीलबाट भए गरेका अभियोजन एवम् मुद्दासम्बन्धी अन्य कामकारवाहीका बारेमा यदाकदा विवाद उठ्ने गरेको छ। राजनीतिक आधारमा विभेदपूर्ण र चयनमुखी (Selective) अभियोजन तथा कसूरको प्रकृतिको अनुपातमा अधिक सजायको मागदावी लिने कतिपय अवस्थामा मुद्दा नचलाउने जस्ता कार्यका बारेमा बेलाबेला समाचारहरू सम्प्रेषण हुने गरेको पाइन्छ। महान्यायाधिवक्ताको कार्यालयको आन्तरिक संगठनात्मक सुशासनको अवस्था पारदर्शी नभएको भन्ने पनि सुनिन्छ। यस्ता समस्याहरूको समयमै समुचितरूपमा सम्बोधन गर्नुपर्ने ठानी महान्यायाधिवक्ताको कार्यालयको अभियोजन अनुगमन महाशाखामा कार्यरत सहन्यायाधिवक्ताको हैसियतमा तपाईंलाई नेपाल सरकारको निर्णयले गठित अभियोजन एवम् संस्थागत सुधार सुझाव कार्यदलको सदस्य सचिवको जिम्मेवारी तोकिएको छ। देहायका विषयहरूमा के-कस्तो सुधार गर्नुपर्ने देख्नुहुन्छ? विश्लेषणात्मक प्रस्तुती दिनुहोस्। ७+६+६+६=२५

क) विद्यमान संविधान र कानूनमा गर्नुपर्ने सुधारका विषय

ख) महान्यायाधिवक्ताको व्यवसायिक स्वतन्त्रता र निष्पक्षताको विषय

ग) सरकारी वकीलको व्यवसायिक क्षमता विकाससम्बन्धी विषय

घ) महान्यायाधिवक्ताको कार्यालयको आन्तरिक प्रशासन भित्रको सुशासनको अवस्थामा सुधारका विषय

<<समाप्त>>